# पन्ध्रौं वार्षिक साधारणसभाको निर्णय

चन्द्रागिरि हिल्स लिमिटेड, काठमाण्डौको मिति २०८१/०८/१० गते बसेको ७१औं सञ्चालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८१ साल षौष ३ गते बुधवार (तदनुसार १८ डिसेम्वर २०२४ ) का दिन बोलाईएको कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको सभापतित्वमा दिनको ११.०० बजे शुरु भई १:३० बजेसम्म देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो ।

**१. सभाको सभापतित्व :**

कम्पनीको पन्ध्रौ वार्षिक साधारणसभाको सभापतित्व गरिदिनुहुनको लागि कम्पनी सचिवज्युबाट अनुरोध गरे बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो । त्यसपछि संचालक सदस्यज्यूहरु , शेयर सदस्यज्यूहरु र उपस्थित अन्य सम्पूर्ण सबैलाई आसन ग्रहण गराउने कार्यक्रम सम्पन्न भयो । तत् पश्चात अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको कार्यक्रमलाई अगाडि बढाउनु भयो ।

**२. सभाको सुचना**

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२)को व्यवस्था वमोजिम कम्पनीको १५औं वार्षिक साधारणसभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरु र शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्वन्धी सूचना कमश मिति २०८१ मंसिर ११ गते मंगलवार र मंसिर २५ गते मंगलवार गरी दुई पटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित गरिएको थियो ।

त्यसैगरी यसरी प्रकाशन गरिएको सूचना सहित कम्पनीको आ.व ०८०/०८१ को लेखापरिक्षण सम्पन्न भएको वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक प्रतिवेदन विवरण कम्पनीको वेव साईड www.chandragirihills.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध गराईएको छ ।

**३.उपस्थिति:**

शेयरधनीहरुको उपस्थिति संख्या : गणपूरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ वमोजिम)

| विवरण | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित शेयरधनी | | जम्मा शेयर धनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि ) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| शेयर धनी संख्या | १,५३,४०,९१० | ८२० | ३ | ७६,६९,४३७.०० | ३५,७४,०६०.०० | ८२३ | १,१२,४३,४९७.०० |
| कुल शेयर संख्या | १,५३,४०,९१० | ८२० | ३ | ७६,६९,४३७.०० | ३५,७४,०६०.०० | ८२३ | १,१२,४३,४९७.०० |
| | | | | | | कूल प्रतिशत (%) | ७३.२९ % |

४. **सभाको वैधानिकता :**

कम्पनीको पन्ध्रौ वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार बोलाईएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ५ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा कम्पनीको १५ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरि पुस्तिाकामा हाजिर जनाउने शेयरधनीको संख्या सो भन्दा बढी भएकाले कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

५. **सभाको विषय सूची :-**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०८०/०८१ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समिति सदस्यको नियुक्ति अनुमोदन सम्बन्धमा ।

२) प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संशोधन गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**६. वार्षिक प्रतिवेदन प्रस्तुती :**

सन्चालक समितिको तर्फबाट अध्यक्ष श्री हेम राज ढकालज्यूले पन्ध्रौ वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात उहाँबाट कम्पनीको हालसम्म भए गरेका कार्य प्रगती, समस्या तथा समस्या समाधानका लागि चालिएका कदमका विषयमा जानकारी गराउनुभयो ।

**७. वार्षिक प्रतिवेदन उपर छलफल:**

अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति एवं आयोजनाको बारेमा जानकारी दिईसकेपछि उपस्थित शेयरधनीहरुको तर्फबाट प्रस्तुतिकरणको दौरानमा उठेका विषयवस्तुहरु माथि छलफलमा सहभागिता जनाईयो । उपस्थित शेयरधनी महानुभावहरु मध्ये श्री जगन्नाथ आर्चाय, श्री इन्द्र प्रसाद लामिछाने, श्री गोविन्द वहादुर के.सी ,श्री निरुपमा गुप्ता, श्री उद्धव प्रसाद घिमिरे, श्री चन्द्र नारायण श्रेष्ठ, श्री सुदिप श्रेष्ठ, श्री गुण राज भट्ट, श्री विषेश अमात्य, श्री श्रीहरी थापा, श्री धुव्रराज न्यौपाने र श्री कृष्ण प्रसाद खड्गीले कम्पनीको १५ औ वार्षिक साधारणको शुभकामना दिनुका साथै आगामी दिनमा कम्पनीलाई लगानी बापतको लाभांस वितरण गर्ने तर्फ अग्रसर गराउन जोड दिनुभयो । यसका साथै उहाँहरुले साधारणसभाको बैठक आफ्नै परिसरमा आयोजना गरी शेयरधनीहरुलाई नि:शुल्क केबलकार सेवा तथा जलपानको आतिथ्यता प्रदान गरेकोमा धन्यवाद ज्ञापन समेत गर्नुभयो । श्री जगन्नाथ आचार्यबाट कम्पनीको पूँजी बृद्धिको योजना तथा हकप्रद शेयर निस्काशन गरी दीर्घकालीन ऋण रकमको भुक्तानीको योजनाका वारेमा चासो राख्नुभयो । यसका साथै कम्पनीको प्रगति प्रति बधाई दिदैं, संस्थागत सुशासन, कर्मचारीहरुको इमान्दारिता, तालिम आदिको मुल्यांकनका लागि सजग गराउँदै आगामी वर्षमा प्रतिफल सहितको साधारणसभाका लागि शुभकामान दिनुभयो । श्री इन्द्र प्रसाद लामिछानेबाट साधारणसभाको आयोजना प्रथम त्रयमास भित्र गरिसक्न अनुरोध गर्दै कम्पनीबाट पर्यटन क्षेत्रमा गरेको योगदानका लागि कृतज्ञ भई प्रतिफल सहितको आगामी साधारण सभाकालागि शुभकामना व्यक्त गर्नुभयो ।

त्यसैगरी श्री गोविन्द बहादुर केसीबाट काठमाण्डौ उपत्यकाको पहिलो एकिकृत आयोजनाका रुपमा रहेको चन्द्रागिरि हिल्सबाट समग्र क्षेत्रको प्रचार प्रसारमा नै योगदान पुगेकोमा कृतज्ञता प्रदान गर्दै आगामी दिनमा थप सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । यस्तैगरी सुश्री निरुपमा गुप्ताले कम्पनीको सकारात्मक तथ्यांकहरुको विश्लेषण गर्दै आगामी वर्षहरुको रणनीतिका वारेमा चासो राख्नुभयो । श्री चन्द्रनारायण श्रेष्ठले कम्पनीको दीर्घकालीन ऋण कर्जालाई घटाई वित्तिय खर्च नियन्त्रणका लागि हकप्रद शेयरको निस्काशन, कम ब्याजदरको ऋण पत्रहरुको निस्काशन आदि लगायत योजनाका विषयमा ध्यानार्कषण गराउनुहुँदै सफलताको कामना गनुभयो । श्री उद्दव प्रसाद घिमिरेबाट चन्द्रागिरिको राम्रो पक्ष ब्राण्डको पहिचान भएको र यस्ता अन्य एकिकृत परियोजनमा समेत लगानीका लागि कम्पनीको सम्पत्तिको वृद्धिका वारेमा सुझाव दिनुभयो ।

श्री सुदिप श्रेष्ठबाट केबलकार सेवालाई चुस्त राखि समय समयमा आउने केबलकार सेवा अवरुद्धका समाचारका वारेमा जिज्ञासा राख्नुभयो । श्री गुणराज भट्टले चन्द्रागिरि हिल्सको धार्मिक, ऐतिहासिक गरिमाको वर्णन गर्दै उज्वल भविष्यको कामना गर्नुभयो । यसका साथै उहाँबाट यस प्रकारको परियोजनाको निमार्ण गरी सम्रग चन्द्रागिरि क्षेत्रको महिमा तथा मुलुककै पहिचानको धरोहरका परिकल्पनाकार तथा योजनाकारमा कृतज्ञता प्रकट गर्नुभयो । श्री विशेष अमात्यले चन्द्रागिरिको शेयरमा लगानी तथा प्रतिफलका लागि कम्पनीको भावि योजना तथा लगानीका रणनीति, लाभांस वितरण, दीर्घकालीन ऋणको भुक्तानी, स्थिर तथा फ्लोटिगं ब्याजदर आदिका वारेमा चासो राख्नुभयो । श्री श्रीहरि थापाबाट कम्पनीको सामाजिक उत्तरदायित्व मार्फत भइरहेको योगदानलाई केही थप गरी समग्र चन्द्रागिरि डाँडाको हरियाली, प्राकृतिक सम्पदाको संरक्षणकालागि जोड दिनुभयो । यसका साथै उहाँबाट कम्पनीबाट आय वृद्धिका लागि छुट सहितका योजनाका विषयमा समेत सुझाव प्रदान गर्नुभयो । श्री ध्रुवराज न्यौपानले चन्द्रागिरिको परिकल्पना तथा योजनाका लागि धन्यावाद ज्ञापन गर्दै कम्पनीको आय आर्जनकालागि विभिन्न योजनाहरुको निमार्ण भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । श्री कृष्ण प्रसाद खड्गीबाट विगतबाट स्थानिय स्तरबाट प्राप्त रहेको सहयोग तथा साथ आगामी दिनहरुमा समेत रहने विचार व्यक्त गर्दै विगतका सामाजिक उत्तरदायित्वको प्रतिबद्धताहरुको कार्यन्वयन थप व्यवस्थित हुने अपेक्षा व्यक्त गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने क्रममा सम्पुर्ण सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई अघि बढ्ने बताउनु भयो । आगामी दिनहरुमा यस्तै खालका नयाँ परियोजनाहरु निर्माणको लागी सकरात्मक तरिकाले लिने र नयाँ लगानी भित्राई अगाडी बढाउने विश्वास दिलाउनु भयो । उहाँबाट कम्पनीले रिसोर्ट परिसरमा निमार्ण गर्न लागेको नयाँ ब्याक्वेट हल तथा केबलकारको विस्तारको

योजनाका बारेमा समेत जानकारी गराउनु भयो । साथै उहाँबाट आगामी दिनहरुमा अझै मेहनत गरेर व्यवसाय विस्तारको लागी बजार प्रवर्द्धनमा विशेष ध्यान पुऱ्याउन व्यवस्थापनलाई अनुरोध गर्दै आगामी साधारण सभामा प्रतिफल वितरणको योजना प्रस्ताव गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । उहाँबाट शेयरधनीहरुबाट उठाइएको दीर्घकालीन कर्जाको भुक्तानीका लागि हकप्रद शेयर निस्काशनका बारेमा आएको जिज्ञासाका विषयमा कम्पनीबाट हाल केही छलफल नभएकाले सो योजनाका बारेमा आगामी दिनमा रणनीति बनेमा साधारणसभामा छलफलका लागि प्रस्ताव गर्ने जानकारी गराउनु भयो । यसका साथै चन्द्रागिरि केबलकार सेवाका उपकरणहरु विश्वकै उत्कृष्ट कम्पनीको भएको तथा सेवा शतप्रतिशत सुरक्षित रहेकाले समय समयमा विद्युत सेवा अवरुद्ध भएको अवस्था वा केही प्राविधिक कारणले यदाकदा समस्या आउने गरेको तर केबलकार बन्द भएको विषय सामाजिक संजालहरुमा अतिरञ्जित रुपमा व्याख्या गरिएको व्यहोरा समेत जानकारी गराउनु भयो । साथै, आगामी दिनमा यस्ता समस्याहरुको निराकरणमा विशेष ध्यान पुऱ्याउन व्यवस्थापनलाई अनुरोध समेत गर्नुभयो । शेयरधनीहरुका लागि चन्द्रागिरि भ्रमणलाई थप प्रोहत्सान गर्न तथा चन्द्रागिरिमा आआफ्ना धार्मिक, समाजिक तथा पारिवारिक कार्यकमहरु, समारोहहरुको आयोजना गर्न आह्वान गनुभयो र सम्पूर्ण शेयरधनीहरुलाई केबलकार टिकटमा एक वर्षका लागि पच्चीस प्रतिशत छुट दिने घोषणा समेत गर्नुभयो । अन्त्यमा अध्यक्षज्यूबाट सम्पूर्ण शेयरधनीहरुबाट कम्पनीका वारेमा दिनुभएका राय सल्लाह, सुझाव तथा अनुरोधहरुका लागि सहृदय धन्यवाद ज्ञापन गर्दै कम्पनीको उत्तोरत्तर प्रगतिमा उहाँहरुको साथ, सहयोगको उच्च मुल्यांकन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

८. निणर्यहरु:

शेयरधनीहरुज्यूहरुबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने सम्बन्धमा अध्यक्षज्यूवाट प्रतिबद्धता व्यक्त भएपछि विधिवत रुपमा वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु उपर छलफल भई निम्नानुसार निर्णय गरियो:

क) सामान्य प्रस्ताव:

१) प्रस्ताव नं. १, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्ध्रौं बार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२) प्रस्ताव नं. २, लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१ साल आषाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आ.व.२०८०/०८१ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

Chandragiri Hills Ltd. Kathmandu

३) प्रस्ताव नं. ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषय उपर छलफल हुँदा यस कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि पि.वाई.सी.एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स लाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारिश्रमिक बापत रु.४,५०,००० (चार लाख पचास हजार मात्र भ्याट बाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समिति सदस्यको नियुक्ति अनुमोदन सम्बन्धमा ।

मिति २०८१ साल मंसिर १० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार रिक्त रहेको संचालक सदस्य पदमा बाँकी कार्यकालका लागि श्री नवराज नेपाललाई नियुक्त गरिएको निर्णयलाई यस सभावाट अनुमोदन गरियो ।

२) प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संसोधन गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

उल्लेखित प्रस्तावको विषयमा नियामक निकायहरुको ऐन नियम कार्यान्वयनका लागि प्रबन्धपत्र तथा नियमावलीमा दफा तथा नियम संसोधन गर्नपर्ने अवस्था भएमा सो गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी अध्यक्षज्यूले निर्णयार्थ पेश गर्नु भएको प्रस्ताव सर्वसहमतिले पारित गरियो ।

**९. विविध:**

यस पन्ध्रौं वार्षिक साधारणसभाको निर्धारित विषय सूचिमा समावेश विविध शिर्षक अन्तर्गत छलफलका लागि कुनै विषय प्राप्त नभएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**१०. धन्यवाद ज्ञापन तथा सभा बिर्सजन :**

छलफल तथा निर्णयको काम समाप्त भएपछि अध्यक्षज्यूले छलफलमा सकरात्मक तथा सक्रियरुपले सहभागी भई कम्पनीको उन्नती र प्रगतिमा निरन्तर अमूल्य सुभाव र सहयोग प्रदान गर्ने आदरणीय शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्नुभयो । त्यसैगरी कम्पनी प्रति विश्वास र भरोसा गर्नुहुने समस्त ग्राहक महानुभावहरु, नियमनकारी निकायहरु, कम्पनीको व्यवस्थापन र सम्पुर्ण कर्मचारीहरु एवम् सम्पुर्ण शुभेच्छुकहरु प्रति आभार व्यक्त गर्दै सभा विसर्जन गर्नु भयो ।

Chandragiri Hills Ltd. Kathmandu

.............................................

श्री झलकराज शर्मा

( कम्पनी सचिव)

Chandragiri Hills Ltd.
Kathmandu

.............................

श्री हेम राज ढकाल

(अध्यक्ष)